नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा
(प्रशासन फाँट)

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/daopalpa

च. नं. १८७
पत्र संख्या : ०७७/०७८

मिति - २०७८/४/१०

**पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारीवाट मिति २०७८।४।१० मा जारी आदेश**

नयां भेरियन्ट सहितको कोभिड–१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि यस अघि जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को मिति २०७८।३।३१ गतेको सिफारिस र जिल्ला सुरक्षा समितिको मिति २०७८।३।३१ गतेको निर्णय बमोजिम संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड–१९ व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।४।१० गते राति १२.०० बजेसम्म पाल्पा जिल्लाभर लागू हुने गरी जारी गरिएको निषेधाज्ञाको अवस्था कायमै रहेको हुंदा आज मिति २०७८।४।१० गते वसेको जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को सिफारिश र जिल्ला सुरक्षा समितिको मिति २०७८।४।१० गतेको निर्णय समेतका आधारमा मिति २०७८।४।१० गते राति १२.०० वजेदेखि २०७८।४।२१ गते राति १२.०० वजेसम्मका लागि निरन्तरता दिइएको छ। यो आदेशको पालना गर्नु गराउनु हुन सबै व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ। कसैले यो आदेशको उल्लंघन गरेमा कोभिड–१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा १९, २१ र २२ तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सवैमा जानकारी गराइन्छ।

**तपशील**

१. सवै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, विद्यालय संचालन गर्न, सेमिनार गर्न मानिसहरु जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न, जात्रा महोत्सव गर्न तथा कुनै पनि प्रकारको खेलकुद संचालन नगर्ने।

२. सिनेमा हल, पार्टी प्यालेस, नांचघर, क्लव, फुटसल, जिमखाना, लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने।

३. विवाह, व्रतवन्ध एवम अन्य संस्कारजन्य कार्यक्रमहरु घरमै संचालन गर्नुपर्ने र त्यस्ता कार्यक्रममा स्वास्थ सुरक्षाका मापदण्ड अनिवार्य रुपमा अपनाई १५ जना भन्दा बढी सहभागि हुन नपाइने।

योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा
(प्रशासन फाँट)

☎ ०७५ { ५२०१२३
५२०१२४
५२०१२५

फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/daopalpa

च. नं. ९८७
पत्र संख्या : ०७७/०७८

४. औषधी एवम स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने। अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री विक्री गर्ने पसल, ग्यांस, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्री लगायतका अन्य सबै पसलहरु विहान ७.०० वजेबाट ७.०० वजेसम्म संचालन गर्ने।

५. सार्वजनिक सवारी साधन संचालनको हकमा नेपाल सरकार मन्त्रिपरिषद्‌को मिति २०७८।४।४ को निर्णय अनुसार जनस्वास्थयका मापदण्डको पूर्ण पालना गरी लामो तथा छोटो दुरीका सार्वजनिक यातायात संचालन गर्ने।

६. होटल, रेष्टुरेन्ट, चिया तथा खाजा पसल र चमेना गृहहरु विहान ७.०० वजेबाट वेलुका ८.०० वजेसम्म मात्र संचालन गर्ने। होटल तथा रेष्टुरेन्टहरुले टेक अवे सेवालाई प्राथमिकता दिने।

७. जिल्ला स्वास्थ्य कार्यालयबाट पेश हुन आएको जिल्लामा कोभिडको कारण मृत्यु भएकाको संख्या ११८ बाट थप गरी १९२ जनाको विवरण सम्बन्धित निकायमा पठाउने।

८. मठ मन्दिरहरु तथा विभिन्न धार्मिकस्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा वाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधीहरु संचालन नगर्ने।

०७८।४।१०

योगेन्द्र प्रसाद पा...
प्रमुख जिल्ला अधिकारी